मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ ९ गते आइतवार (Sunday, January 23. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारू. : ४/-

## आज अदालतमा शोक बिदा

**काठमाडौं, माघ ८।** सर्वोच्च अदालतको शनिवार बसेको पूर्ण बैठक (फूलकोर्ट)ले पूर्वप्रधानन्यायाधीश मोहनप्रसाद शर्माको निधनमा आइतबार देशभरका अदालतमा शोक बिदा दिने निर्णय गरेको छ।

सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले पूर्ण बैठकपछि जारी गरेको प्रेस विज्ञप्तिमा सर्वोच्च, उच्च र जिल्ला, विशेष तथा न्यायाधीकरण गरी देशभरका अदालतमा आइतबार शोक बिदा दिने निर्णय गरेको उल्लेख छ।

पूर्वप्रधानन्यायाधीश शर्माको ८८ वर्षको उमेरमा

*(बाँकी अन्तिम पृष्ठमा)*



**बालुवा, ढुंगा दोहनः** संखुवासभाको खाँदबारी नगरपालिका-९ तुम्लिङ्टारमा अवस्थित मनकामना मन्दिर परिसर क्षेत्रमा रहेको अरुण नदी किनारबाट बालुवा, ढुंगा दोहन गरी ट्याक्टरमा हाल्दै मजदुरहरु। अवैध दोहनले मनकामना धामको अस्तित्व खतरामा पर्ने सम्भावना बढेको छ। **तस्वीरः रासस**

# झापामा १२१६ जना संक्रमित

## कूल संक्रमितको १.८०% अस्पताल भर्ना, चार लाखभन्दा बढीले खोप लगाए

**नरेन्द्र ढकाल**

**बिर्तामोड, माघ ८।** नेपालमा दैनिक रेकर्ड तोड्दै गएको ओमिक्रोन संक्रमण झापामा पनि तीब्र रुपमा फैलिँदै गएको पाइएको छ।

पछिल्लो समय झापामा कोरोना संक्रमणको ग्राफ उकालो लाग्दै गएको हो। पुस २४ गते ४६ जनामा संक्रमण देखिएकोमा माघ ८ गते शनिबारसम्ममा एक हजार २१६ जनामा संक्रमण पुष्टि भएको छ।

पछिल्लो १५ दिनमा तीब्र रुपमा फैलिएको झापा एक साताको अवधिमा 'रेड जोन'मा परेको छ। पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएपछि रेड जोन घोषणा गर्ने गरिएको छ। झापामा शनिबार मात्रै एक हजार २१६ जनामा संक्रमण पुष्टि भएको छ। जसमध्ये ५७३ महिला र ६४६ जना पुरुष रहेका छन्। हाल २२ जना कोरोना संक्रमित अस्पताल भर्ना भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ।

झापामा कोरोना संक्रमणको ग्राफ कसरी उकालो लाग्दै गरेको छ भने यो तथ्यांकबाट स्पष्ट हुन्छ। माघ ७ गते एक हजार १४६ जनामा संक्रमण पुष्टि भएको छ भने माघ ६ गते ९६०, माघ ५ गते ७१७, माघ ४ गते ५६६, माघ ३ गते ४१८, माघ २ गते २८२ र माघ १ गते १९२ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ।

हालसम्म झापामा ६५९ जनाको कोरोना संक्रमणबाट मृत्यु भइसकेको छ। ओमिक्रोन संक्रमण तीब्र रुपमा फैलिए पनि अधिकांश संक्रमितहरु होम आइसोलेसनमा रहेका छन्। झापाका कूल संक्रमित मध्ये १.८० प्रतिशत संक्रमित मात्रै अस्पताल भर्ना भएको स्वास्थ्य कार्यालयले जनाएको छ।




यसैबीच संक्रमण बढ्दै गएपछि उच्च सर्तकता अपनाउन थालिएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ। प्रमुख जिल्ला अधिकारी छविलाला रिजालले सबै क्षेत्रमा सर्तकता अपनाउन सर्कुलर जारी गरेको बताए। उनले विभिन्न ३० बुँदे आदेश जारी गरेर सबै क्षेत्रमा सतर्कता अपनाउनका साथै मास्क अनिवार्य गरिएको जानकारी दिए।

भीडभाड हुने स्थानमा अनावश्यक भीड नगर्न आग्रह गर्दै सचेतना फैलाउने काम गरिरहेको उनको भनाइ छ। आवश्यक काम बाहेक हिँड्डुल नगर्न आग्रह गर्दै सबैले सतर्कता अपनाउनुपर्ने बताए।

ओमिक्रोन संक्रमणमा लापरबाही नगर्न चिकित्सकले आग्रह गरेका छन्। डाक्टर रक्षा गौतमले ओमिक्रोन भेरिएन्टलाई सामान्य रुपमा नलिन आग्रह गरिन्। उनले चिसोबाट बच्न र स्वाश्प्रश्वासमा समस्या भएमा तत्काल अस्पताल जान आग्रह गरिन्।

यसैबीच झापामा हालसम्म चार लाख ७५ हजार १५२ जनाले कोभिडबिरुद्धको पहिलो चरणको खोप लगाएका छन्। दुवै खोप चार लाख १३ हजार ६५१ जनाले लगाएको स्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ। झापामा बुस्टर खोप पनि लगाउन शुरु भएको स्वास्थ्य कार्यालयले जनाएको छ।

त्यस्तै आगामी केही साता झन् उच्च रुपमा बढ्ने देखिएको चिकित्सकहरुले बताएका छन्। अस्पताल भर्ना हुने संक्रमितको संख्या नबढे पनि ओमिक्रोन संक्रामक रुपमा फैलिँदा अस्पतालमा जनशक्तिको अभाव भएको बताइएको छ।

सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले दोस्रो लहरमा धेरै व्यक्ति अस्पताल भर्ना भएर उपचार प्रणाली प्रभावित बनेको र तेस्रो लहरमा धेरै स्वास्थ्यकर्मी संक्रमित हुँदा हुन जनशक्ति अभाव देखिएको बताए।

# साइबर सम्बन्धी कडा कानूनको माग

**काठमाडौं, माघ ८।** नेपाल दूरसञ्चार प्राधिकरणले बढ्दो आपराधिक क्रियाकलाप रोक्न कडा कारबाहीको व्यवस्थासहितको साइबर सुरक्षा ऐन/नियम बनाएर त्यसको प्रभावकारी कार्यान्वय गर्नुपर्ने माग गरेको छ।

प्राधिकरणले सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै दिनहुँ साइबर सुरक्षामा जोखिम बढिरहेको, सामाजिक सञ्जालमार्फत हुने गैरकानूनी तथा आपराधिक क्रियाकलाप बढिरहेको भन्दै जतिसक्दो चाँडो साइबर सुरक्षा ल्याउनुपर्ने माग गरेको हो।

प्राधिकरणका अध्यक्ष पुरुषत्तोम खनालले राज्य डिजिटल नेपालमा रुपान्तरण भई डिजिटल अर्थतन्त्र निर्माणको क्रममा रहेको अवस्थामा सरकारले साइबर सुरक्षा ल्याउनुपर्ने आवश्यकता औँल्याए। प्राधिकरणले नेपालको बजारमा भाइबर, स्काइभ, फेसबुक, युट्युब र टिकटकजस्ता सस्ता अनाधिकृत प्रवेशबाट राज्यले प्राप्त गर्नुपर्ने राजश्व प्राप्त गर्न तथा त्यसले सिर्जना गर्ने सुरक्षाको चुनौतिलाई सामना गर्न र त्यसलाई नियमनको दायरामा ल्याउन नसक्नुलाई समस्या तथा चुनौतिका रुपमा लिएको छ।

अध्यक्ष खनालले भने- दूरसञ्चार सञ्जाल वा सामाजिक सञ्जालमा प्रयोग गरिने अभिव्यक्तिले राष्ट्रिय अक्षृण्णतामा खलल पुर्‍याउने, व्यक्तिगत गाली बेइज्जती तथा समाजमा अराजकता उत्पन्न गराउने देखिएकाले 'कन्टेन्ट रेगुलेसन' लाई नियमनको दायरामा ल्याउन कानूनी व्यवस्था हुन नसक्नु समस्या तथा चुनौति हो।

*(बाँकी अन्तिम पृष्ठमा)*

# किन बन्न सकेन देवीमायाको घर ?



**उद्धव पुरी**

**झापा, माघ ८।** घर निर्माण गरिदिने भएपछि धेरै खुशी भएकी अर्जुनधारा-५ स्थित विहीवारे बजारकी अतिविपन्न देवीमाया खतिवडाको खुशी अहिले दुःखमा परिणत भएको छ।

'गरीबलाई दिन्छु नभन्नु रे, ....लाई लान्छु नभन्नु रे' भन्ने एउटा पुरानो भनाइ छ अहिले अतिविपन्न एकल महिला खतिवडाको अवस्था त्यस्तै भएको छ। खतिवडाको घर बन्न त टाढाको कुरा भयो तर, हरियालीले झारेको सामग्री समेत अहिले आधा भइसकेको छ। बजारको क्षेत्रमा २०७८ बैशाखमा घर निर्माण गर्न भनेर झारेको उक्त सामाग्री एउटा/दुई वटा गर्दै गर्दै हराउने गरेकाले अहिले आधा हुने अवस्थामा पुगेको छ।

अतिविपन्न परिवारकी खतिवडाको घर निर्माण गरिदिने भन्दै दहीझोडा सामुदायिक वन उपभोक्ता समूहको उपसमिति हरियाली महिला समूहले गत वैशाखमा झारेको ढुङ्गा, गिटी र बालुवा अहिलेसम्म बेवारिसे अवस्था रहेको छ। दुई ट्याक्टर ढुङ्गा, एक ट्याक्टर गिटी र एक ट्याक्टर बालुवा झारेर घरको नापजाँच गरेर गएको मान्छे अहिलेसम्म आएका छैनन्।

'बिद्यालयको जग्गा भएकाले घर निर्माण गर्न नमिल्ने भन्ने गरेका छन्'- खतिवडाले भनिन्- 'मेरो जग्गा जमिन छैन, २०/२५ बर्षदेखि यहीं बसिराखेको छु।' उनले थपिन्- 'घर भत्काउनु हामी दुईतीन दिनमा आएर निर्माण गरिदिन्छौ भनेका थिए तर, अहिलेसम्म आएका छैनन्।' वैशाखमा झारेको ढुङ्गा, गिटी, बालुवा आधा भइसक्यो तर, अहिलेसम्म खतिवडाको घर निर्माणमा कसैले चासो नदेखाएको उनको गुनासो छ। आमा र छोरा मात्र बस्दै आएको उनीहरुको घरको सबै जस्ता दुलो परेर पानी पर्दा घरभरी नै जम्ने गरेको छ। छोरो असक्षम भएकै कारण घर निर्माण गर्न नसकेपछि हरियाली महिला समूहले घर निर्माण गरिदिने भनेर सामग्री झारिदिएको थियो। तर, पनि अहिलेसम्म विभिन्न बहाना बनाएर घर निर्माण हुन नसकेको स्थानीयहरु बताउँछन्।

उपभोक्ता समूहका अध्यक्ष महेन्द्र अधिकारीले पूर्वअध्यक्षहरुको निर्णय भएकाले आफूलाई त्यस बिषयमा खासै जानकारी नभएको बताए। बिद्यालयको जग्गा भएकाले समस्या भएको हुन सक्ने उनको भनाइ छ। उपभोक्ता समूह टोल नं. २का अध्यक्ष डम्बर थापाले

*(बाँकी अन्तिम पृष्ठमा)*

# स्रोत नखुलेको ५० लाख बोक्दा...

**झापा, माघ ८।** विगत पाँच दिनमा महोत्तरी जिल्लाका विभिन्न स्थानबाट स्रोत नखुलेको रु. ५० लाखसहित पाँच जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले विगत पाँच दिनमा स्रोत नखुलेको रु. ४६ लाख चार हजार २०० र रु. १५ लाख ३६ हजार बराबरको चेक, दुई हजार जाली नोट र करिब रु. तीन लाख नक्कली नोट बनाउने कागजसहित पाँच जनालाई पक्राउ गरिएको जानकारी दिए।

प्रहरीले गत माघ ३ गतेका दिन जिल्लाको मटिहानी नगरपालिका-८ स्थित नेपाल भारत दशगजा क्षेत्रबाट मटिहानी नपा-३ बस्ने २३ वर्षीय सहाउद्दिन राईनलाई स्रोत नखुलेको रु. ३० लाखसहित पक्राउ गरेको थियो।

त्यस्तै सोही दिन जलेश्वर नपा-३ स्थित जिल्लाको मुख्य भन्सार कार्यालय जलेश्वर अगाडि भारतबाट आएका धनुषा जिल्लाको जनकपुर उमनपा-६ बस्ने २६ वर्षीय मोहम्मद जाहिर रेजा र लक्ष्मिनियाँ गापा-१ बस्ने २३ वर्षीय असरफ मोहम्मदलाई रु. चार हजार २०० र करिब रु. तीन लाख बराबरको रु. ५०० र रु. १०० का नक्कली नोट बनाउने काजगसहित प्रहरीले पक्राउ गरेको थियो।



त्यसैगरी माघ ६ गते मटिहानी नपा-३ स्थित पेट्रोलपम्प अगाडिबाट प्रहरीले रु दुई हजार नेपाली नक्कली नोटसहित भारतको विहार राज्यको सीतामढी जिल्लाको मेघपुर ग्रामपञ्चायत बस्ने ४० वर्षीय नुरुल जोल्हालाई पक्राउ गरेको थियो भने ७ गते जलेश्वरको मुख्य भन्सार कार्यालय अगाडिबाट प्रहरीले भारतबाट नेपाल आउँदै गरेका भारत विहार राज्यको सीतामढी जिल्लाको सुरसण्ड शहर बस्ने ३९ वर्षीय उदयकुमार साहलाई स्रोत नखुलेको नौ लाख ९६ हजार चार सय भारतीय रुपैयाँ र नौ लाख ६० हजार भारतीय रुपैयाँ बराबरको भारतका विभिन्न बैंकको चेकसहित पक्राउ गरेको थियो।

महोत्तरीमा करिब ३८ किमी नेपाल भारतको खुला सीमानाका कारण अवैधरुपमा स्रोत नखुलेको रकम, नक्कली नोटका साथै नक्कली नोट बनाउने तथा कारोबार गर्ने गिरोह सक्रिय रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले भने- जिल्लाको भारतीय सीमानाका तथा कुनै पनि नेपाली गाउँ शहरमा त्यस्ता कारोबार गर्नेलाई प्रहरीले सूक्ष्म तरिकाले खोजतलास तथा अनुसन्धान गरेर पक्राउ तथा कारबाहीका लागि तीव्रता दिएको छ।

# दोभानमा लुगा छोडेर महिला-पुरूष जोडी बेपत्ता

**काठमाडौं, माघ ८।** भुम्लु गाउँपालिका-८ इन्द्रावती नदी र सुनकोशी नदीको दोभानस्थित किनारमा आफ्ना लुगा-जुत्ता छाडेर एक जोडी बेपत्ता भएका छन्।

एक दिनको फरकमा हप्ताअघि घरबाट बेपत्ता भएका विवाहिता उनीहरुको बाहिरी बस्त्र शुक्रबार बिहान दोभानस्थित बगरको ढुङ्गामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका प्रहरी नायव उपरीक्षक हरि खतिवडाका अनुसार पनौती नगरपालिका-८ खरिबोटका ४० वर्षीय माधव फुयाँल र नमोबुद्ध नपा-५को

*(बाँकी अन्तिम पृष्ठमा)*

**समाल रियल स्टेट प्रा.लि.**

**जग्गा खरिद बिक्री केन्द्र**

**बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष**

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा
**प्रबन्ध निर्देशकः राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**आवश्यकता**

**यस बिर्तामोड आई हस्पिटल प्रा.लि., चारपाने, बिर्तामोड-१मा केही अ.न.मी./अ.हे.व.को आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले आवश्यक कागजातहरुसहित यही मिति २०७८ साल माघ १४ गतेभित्रमा यस अस्पतालको प्रशासन शाखामा आई निवेदन दर्ता गराउन हुन अनुरोध गरिन्छ।**

**आवश्यक कागजातहरुः**
१) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।
२) S.L.C. तथा T.SLC को प्रमाणपत्रको प्रतिलिपि।
३) NHPC मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

**कर्मचारी आवश्यकता**

**प्रथमपटक प्रकाशित मिति २०७८/१०/०९ गते**

**यस श्री सुनकोशी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-१ लाई संस्थाको बिर्तामोड र डाँगीबारी सेवा केन्द्रका लागि रिक्त रहेका पदका लागि निम्नानुसारका कर्मचारी आवश्यक भएकाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।**

१. पदः **लेखा सहायक**
२. संख्याः २ जना
३. शैक्षिक योग्यता १०+२ वा सो सरह
४. अनिवार्य योग्यताः बेसिक कम्प्युटर
५. तलब/भत्ताः आधारतलव १५,०००
(इन्धन+खाजा+सञ्चार+पोशाक+वार्षिक बोनष+ सञ्चय कोष तथा अन्य सुविधाहरु)
६.आवेदन दस्तुरः रु. ३०० (फिर्ता नहुने गरी)
७. परिक्षाको किसिम : प्रयोगात्मक, लिखित, मौखिक
८. आवेदन दिने अन्तिम मितिः २०७८/१०/२५ गतेसम्म
९. आवेदन दिने स्थानः संस्थाको मुख्य कार्यालय, बिर्तामोड र डाँगीबारी सेवा केन्द्र (सोमबार बाहेक)
१०. आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि र तालिम अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि।

**थप जानकारीका लागिः**
फेसबुकपेजः@sunkoshisaccos, **सम्पर्क नं. ०२३-५३१४८९, ९८०१५६६४१२, ९८०१५६६४१३, ९८०१५६६४१४**

**पदपूर्ति समिति**

**कर्मचारी आवश्यकता**

**यस एभरेष्ट लार्ज कार्डमम् इ. प्रा.लि.लाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।**

पदः **बजार प्रतिनिधिः** १ जना
योग्यताः +२ वा सो सरह (मोटरसाइकल र लाइसेन्स भएको)
तलबः आपसी समझदारीमा

**एभरेष्ट लार्ज कार्डमम् ई. प्रा.लि., अर्जुनधारा-८, झापा**
**मोवाइल नं. ९८०१४५११००, ९८०१४४०७००**
Email: elc.mizajnepal@gmail.com, Website: www.mizajnepal.com

# संवाद सिप बारे कार्यशाला



**बिर्तामोड, माघ ८।** संवाद समूह झापाका सदस्यहरुको लागि पुनर्ताजगी कार्यशाला शनिवार बिर्तामोडमा सम्पन्न भएको छ ।

जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि तथा विभिन्न सामाजिक संस्थाबाट कार्यशालामा २५ जनाको सहभागिता रहेको थियो । जिल्लामा उत्पन्न हुने द्वन्द्व रुपान्तरण, नीति निर्माण तथा समसामयिक सवालमा संवादको माध्यमबाट निकास निकालेर शान्ति स्थापनामा संवाद समूहले विगतदेखि निर्वाह गर्दै आएको भूमिकाको राजनीतिक दलका नेताहरुले चर्चा गरेका छन् ।

उनीहरुले जिल्लामा दलहरुबीचको सहकार्य समन्वय उदाहरणीय भएको भन्दै त्यस कार्यका लागि संवाद समूहले निर्वाह गरिरहेको संयोजनकारी भूमिकाको प्रशंसा गरे । समाजमा शान्ति, स्थिरता र दिगो विकासका लागि संवाद अपरिहार्य भएको सहभागिताले बताएका थिए ।

झापा उच्च राजनीतिक संस्कार भएको जिल्ला भएको हुनाले यहाँको समस्यामा सबै दल एकैठाउँमा बसेर संवादका माध्यमबाट समाधान निकाल्ने परिपार्टीको विकास भएको उनीहरुले बताएका छन् । कार्यशालामा संवाद, यसको प्रक्रिया र सिप, बार्ता-छलफल-मध्यस्थता र संवादबीचको अन्तर लगायतका विषयमा सहभागितामूलक छलफल भएको थियो ।

छलफलमा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँई, नेकपा एमाले झापाका सचिव शिव ढुँगेल, नेकपा माओवादी केन्द्रकी प्रदेश सदस्य निरु खतिवडा, नेकपा एकीकृत समाजवादीकी केन्द्रीय सदस्य निलमणि बराल, लोकतान्त्रिक समाजवादी पार्टीका जिल्ला अध्यक्ष अनुतसिंह राजवंशी, राप्रपाका जिल्ला अध्यक्ष केशवप्रसाद ओझा, राष्ट्रिय जनमुक्ति पार्टीका पूर्वजिल्ला अध्यक्ष पर्शुराम मगरले संवादको प्रभावकारिता लगायतका विषयमा आफ्नो अनुभव आदान-प्रदान गरेका थिए ।

त्यस्तै फोनिजका प्रदेश १ इञ्चार्ज दिपीन राई, अन्तरपार्टी महिला सञ्जालकी द्रौपदी गणेश, आदिवासी जनजाति महासंघका जिल्ला उपाध्यक्ष पाण्डवलाल चौधरी, एमालेका युवा नेता नवीन ढुंगाना, कोचिला महिला नेतृ सनम राजवंशी, सरु राजवंशी, नेत्रहीन संघ झापाकी अध्यक्ष सृजना बराल, अपाङ्ग स्वावलम्बन समितिका सचिव पदम अधिकारी, महिला अधिकारकर्मी शिखा खड्का गणेश लगायतले समेत संवादको अनुभव र अपेक्षा सुनाएका थिए । नेपाल पुनर्स्थापकीय न्याय मञ्चका संस्थापक अध्यक्ष राम तिवारीले सहजीकरण गरेको कार्यशालामा मञ्चका कार्यक्रम संयोजक प्रवेशराज जोशीले समेत सहायक सहजकर्ताको भूमिका निर्वाह गरेका थिए ।

सहजकर्ता तिवारी संवाद र पुनर्स्थापकीय न्यायका क्षेत्रमा १६ बर्षदेखि कार्यरत छन् । उनले संयुक्त राष्ट्र संघको विशेषज्ञ समितिमा रहेर दुई बर्ष र अमेरिकाको कानून मन्त्रालयको विज्ञको रुपमा तीन बर्ष काम गरेका छन् भने अमेरिका, रुगान्डा, सोमालियाका विश्वविद्यालयमा अध्यापनको अनुभव समेत हासिल गरेका छन् ।

कानून, मनोविज्ञान र द्वन्द्व विज्ञान विषय अध्ययन गरेका तिवारी इन्टरनेशनल कमिशन अफ जुरिस्टको दक्षिण एशिया प्रमुख हुन् । हाल उनी नेपाल ल क्याम्पसमा अध्यापन गर्छन् । कार्यशालाका लागि सहारा नेपाल र द एशिया फाउण्डेशनले सहयोग गरेका थिए ।

# दशनामी समाजको पदस्थापन

**बिर्तामोड, माघ ८।** नेपाल दशनामी समाज झापाको पद हस्तान्तरण तथा बिर्तामोड नगर समितिको प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भएको छ ।

समाजको झापा भवनस्थित बुट्टाबारीमा शनिवार समाजको पद हस्तान्तरण तथा बिर्तामोड नगरका पदाधिकारी तथा सल्लाहकारलाई प्रमाण-पत्र वितरण समेत गरिएको थियो ।

समाजका झापा अध्यक्ष खिलबहादुर गिरी (राजु) को अध्यक्षतामा भएको पद हस्तान्तरण कार्यालयमा समाजका केन्द्रीय संरक्षक हर्कलाल गिरीको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा निवर्तमान अध्यक्ष खिलबहादुरले सातौ जिल्ला अधिवेशनबाट निर्वाचित अध्यक्ष केदार गिरीसहित पदाधिकारीलाई समितिको माइन्यूट प्रदान गर्दै पद हस्तान्तरण गरेका थिए ।



केन्द्रीय संरक्षक भरतलाल गिरीको बिशिष्ठ आतिथ्य रहेको कार्यक्रममा केन्द्रीय कोषाध्यक्ष डम्बर बन, केन्द्रीय सदस्य केदारप्रसाद गिरी, लवकुश गिरी, समाज प्रदेश नं. १का अध्यक्ष चन्द्रप्रसाद गिरी, समाजकी झापा महिला अध्यक्ष पार्वता गिरी, शहीद पिता केदारशम्शेर गिरी लगायतले शुभकामना मन्तव्य राखेका थिए । स्वागत बरिष्ठ उपाध्यक्ष एलबहादुर गिरीले गरेको कार्यक्रमको सञ्चालन सचिव शिवकुमार गिरीले गरेका थिए ।

# तरबारले हानेर श्रीमतीको हत्या

**सुनसरी, माघ ८।** आफ्नै श्रीमती ३० वर्षीया चन्द्रकला उराउलाई धारिलो हतियार तरवार प्रहार गरी हत्या गरेको अभियोगमा भोक्राहा नरसिंह गाउँपालिका-१ उराउ टोल बस्ने ३२ वर्षीय लालुप्रसाद उराउलाई प्रहरीले पक्राउ गरेको छ ।

लालुले आफ्नै श्रीमतीलाई तरवार प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी भोक्राहा, इलाका प्रहरी कार्यालय लौकही र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# खेतमा महिलालाई जवरजस्ती

**रुपन्देही, माघ ८।** २२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा लुम्बिनी सांस्कृतिक नगरपालिका-९ बस्ने २६ वर्षीय सुवास यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

उनीले ती महिलालाई लुम्बिनी सांस्कृतिक नगरपालिका-१३ पिपरास्थित खाली खेतमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय लुम्बिनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# अर्जुनधारा जेसीजको अध्यक्षमा राजु



**शनिश्चरे, माघ ८।** अर्जुनधारा जेसीज शनिश्चरेको सन् २०२२ को अध्यक्षमा भीमबहादुर कुँवर (राजु) सर्वसम्मत चयन भएका छन् । अध्यक्षका प्रत्यासी रोवक थापाले मनोनयन फिर्ता लिन सहमत भएपछि उनी सर्वसम्मत भएका हुन् ।

यसैगरी जेसीजको सम्पूर्ण पदमा पनि सर्वसम्मत भएको छ । दुई कार्यकारी उपाध्यक्ष पदमा चार जनाले उम्मेदवारी दिएका थिए । सहमतिको अन्तिम प्रयासबाट पहिलोपल्ट एक महिलासहित २ जना कार्यकारी उपाध्यक्षमा सहमति जुटेको निर्वाचन समितिले जनाएको छ । जसअनुसार जेसीज स्थापना भएको एक दशकपछि पहिलोपल्ट विमला भट्टराई महिला कार्यकारी उपाध्यक्षमा चयन भएकी छन् । अर्का प्रत्यासी निशा तामाङले छाडेपछि भट्टराईलाई कार्यकारी उपाध्यक्ष बन्ने बाटो खुलेको थियो ।

यसैगरी, अर्का कार्यकारी उपाध्यक्षमा प्रेमकुमार खड्का चयन भए । प्रत्यासी बालगोपाल गौतमले मार्ग प्रशस्त गरिदिएपछि खड्का निर्विरोध भएका हुन् । अन्य चार उपाध्यक्ष पदमा पनि सर्वसम्मत चयन भएको छ । उपाध्यक्ष पदका प्रत्यासी भक्तबहादुर गोदारले फिर्ता लिएपछि सहमति जुटेको हो । जसमा प्रजित थापा, प्रदीप लिम्बू, निता संग्रौला र केशव थापा उपाध्यक्षमा निर्विरोध भएका छन् । नवनिर्वाचित अध्यक्ष कुँवरले आज नै महासचिवमा वरुणकुमार माझीलाई मनोनित गरेका छन् ।

यसैगरी, कोषाध्यक्षमा बालगोपाल गौतम, सहकोषाध्यक्षमा भक्तबहादुर गोदार, सचिवमा सोना गेलाल, सहसचिवमा विशाल भण्डारीलाई अध्यक्ष कुँवरले मनोनित गरे । यसैगरी, कानूनी सल्लाहकारमा वसन्त बुढाथोकी चयन भएका छन् ।

यस्तै, प्रकरण निर्देशकमा दीपेश पनेरु, पीआरओमा वेदनारायण गोदार, तालिम संयोजकमा भवानी बराल, रक्तदान संयोजकमा परिक्षण ढकाल र बाल संयोजकमा दिप्जल राईलाई पनि मनोनित गरिएको छ ।

निर्विरोध चयन भएका पदाधिकारीको घोषणा सभामा संस्थापक अध्यक्ष इन्दिवर खड्का, पूर्वअध्यक्षहरु शार्दूल ओली, टीआर गौतम, प्रल्हाद ढुंगाना, अजयकुमार देव, अध्यक्ष पदका प्रत्यासी रोवक थापा, सन् २०२१ का अध्यक्ष जीवन खनालगायतले शुभकामना दिएका थिए ।

जेसीजको १०औं अधिवेशनबाट निर्विरोध रुपमा निर्वाचित सन् २०२२का अध्यक्ष लगायत पदाधिकारीहरुको पद हस्तान्तरण आउँदो माघ १७ गते गर्ने निर्णय भएको कार्यकारी उपाध्यक्ष प्रेमकुमार खड्काले जानकारी दिए ।

## साइबर ...

प्राधिकरणले सूचना तथा सञ्चार प्रविधिमा भएको द्रुतविकासबाट सो क्षेत्रमा आएको बहुआयामिक अवसर तथा चुनौतीले गर्दा त्यस क्षेत्रको नियमनलाई सुदृढ, सशक्त एवम् स्वयत्त बनाउन एकीकृत नियमनकारी निकाय तयार गर्नुपर्ने आवश्यकतासमेत औंल्याएको छ ।

आवश्यकता अनुसार नयाँ ऐन कानुनको निर्माण गरी अन्तर्राष्ट्रियस्तरमा दूरसञ्चार प्रविधिमा भएको विकासलाई अनुशरण गर्दै राज्यभर सर्वशुलभ र गुणस्तरीय बनाई आम उपभोक्तालाई प्रतिस्पर्धी रुपमा सेवा उपभोग गर्न पाउने गरी त्यस क्षेत्रको विकास विस्तार गर्नुपर्ने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार हाल दुई करोड ७७ लाख छ हजारले तीव्र गतिको इन्टरनेट ब्रोडब्याण्ड प्रयोग गर्दै आएका छन् । त्यसमध्ये एक करोड ९८ लाख ५३ हजार मोबाइल ब्रोडब्याण्ड प्रयोगकर्ता छन् । त्यसअनुरुप हालसम्म टेलिफोन सेवाको घनत्व १३.७५ प्रतिशत र ब्रोडब्याण्ड सेवाको घनत्व ९१.५५ प्रतिशत पुगेको छ । प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष परिचालन (ब्रोडब्याण्ड कनेक्टिभिटी) को हालसम्म ६७९ स्थानीय तह, पाँच हजार ५५४ वडा कार्यालय, पाँच हजार ३२ विद्यालय र चार हजार २७ स्वास्थ्यचौकी गरी जम्मा प्रन्ध हजार ३९३ स्थानमा इन्टरनेट जडान सम्पन्न भएको छ ।

## दोभानमा ...

अन्दाजी ३० वर्षीया सिर्जना भण्डारी ( कोइराला) दुवैले कालो जेन्ट्स ज्याकेट, गाढा सुन्तला रङ्गको लेडिज कोट, कालो र खरानी रङ्गका दुई जोर जुत्ता, कालो लेजिडज र जेन्ट्स पर्स, घडीलगायत सामग्री छाडेर बेपत्ता भएका हुन् । शुक्रबार बिहान दोभानमा मलामी गएका स्थानीयवासीले पुरुष र महिलाको लुगा देखेपछि दोलालघाट प्रहरीलाई खबर गरेका थिए । शुक्रबार छाडिएका सामग्रीको पहिचान उनीहरुका आफन्तले गरेका छन् ।

परिवारका अनुसार कोइराला गत आइतबारदेखि र फुयाँल सोमबारदेखि घरबाट बेपत्ता थिए । फुयाँलको श्रीमती, एक छोरा र एक छोरी तथा कोइरालाको एक छोरी छ । उनीहरु शङ्कास्पद तरिकाले लुगा छाडेर बेपत्ता भएकाले हामीले सबै तरिका अपनाएर खोजी गरिरहेका छौं- उनले भने । बेपत्ता भएका दुवैको सुनकोशी नदीमा खोजीकार्य भइरहेको र यसमा सघाउन प्रहरीले सार्वसाधारणमा आग्रह पनि गरेको छ ।

## किन ...

आफू अध्यक्ष हुनुभन्दा अघि नै घर निर्माण गर्ने निर्णय भएको बताए । उनले सवैलाई थाह नै भएको हो उनको घर बिद्यालयको जग्गामा भएको भन्ने त्यति हुँदाहुँदै पनि सामाग्री झारिसकेपछि एउटा विपन्नको घर निर्माण हुनुपर्ने बताए ।

समुहका पूर्व टोल नं. २का अध्यक्ष सूर्य रिमालले बर्षौदेखि बिद्यालयकै जग्गामा बस्दै आएको मान्छेलाई वहाना बनाएर मर्कामा पार्न नहुने बताए । 'बजार व्यवस्थापन समितिले पुरानो बसोबास भएको मान्छेलाई सिफारिस गरिदिँदा हुने हो'- रिमालले भने- 'तर, जुँगाको लडाईले गर्दा घर निर्माण रोकिएको छ ।'

टोल नं. २का पूर्व अध्यक्ष अर्जुनकुमार रेग्मीले आफ्नो कार्यकालमा खतिवडाको घर निर्माणका लागि समूहका ५ नं. क्षेत्रीय संयोजक कमल गिरीसँग छलफल गरेर तत्कालीन वन समूहका अध्यक्ष खगेन्द्र सुब्बाको सिफारिसमा क्षेत्र नं. ४ र ५ को घर २०७८मा निर्माण गर्ने कुरा भएको बताए । क्षेत्र ४ र ५को घर निर्माण गर्ने ठेकेदार एउटै भएकाले ४को सकेर ५ नं. यानिकी देवीमायाको घर निर्माण गरिने निर्णय भएको बताए । एउटा विपन्नलाई आश देखाएर विभिन्न बहाना बनाएर घर निर्माण रोक्न नहुने रेग्मीको भनाइ छ ।

यता बिहीवारे बजार व्यवस्थापन समितिका अध्यक्ष छबिलाल लम्सालले बिद्यालयको जग्गा भएकाले समितिले भन्दा पनि विद्यालयले घर निर्माणको लागि अनुमति दिनुपर्ने बताए । उनले बजार समितिले घर निर्माणमा रोक नलगाएको समेत बताएका छन् ।

उपभोक्ता समूह मातहतको उपसमिति हरियाली महिला समूहले बनका ५ वटा क्षेत्रका एक/एक विपन्न परिवारको घर निर्माण गर्न गत २०७७ सालमा कार्यक्रम अघि सारेको थियो ।

त्यसअनुरुप गत २०७७ सालमा ३ बटा क्षेत्रका विपन्न परिवारको घर निर्माण भइसकेको छ भने कोरोना महामारीका कारण क्षेत्र नं. ४को पनि २०७८ मा निर्माण भइसकेको छ । तर, क्षेत्र नं. ५ को देवीमायाको घर निर्माण भने विभिन्न समस्या देखाएर अहिलेसम्म घर निर्माण हुन सकेको छैन । सवैको कुरा सुन्दा देवीमायाको घर निर्माण हुनुपर्छ भन्ने देखिए पनि अहिलेसम्म घर निर्माण हुन भने सकेको छैन ।

## आज ...

बुधबार निधन भएको थियो । सरकारी सेवामा २०१५ सालमा प्रवेश गरेका शर्मा २०१७ सालमा कानून मन्त्रालयको शाखा अधिकृतबाट बढुवा भएर अदालतको न्यायाधीश भएर काम गर्दै २०५४ चैतदेखि २०५६ मंसीर ३० गतेसम्म नेपालको प्रधानन्यायाधीश भएर काम गरेका थिए । स्व शर्माको एक छोरा एक छोरी छन् ।

सर्वोच्च अदालतको पूर्ण बैठकले पूर्वप्रधानन्यायाधीशको शर्माको निधनप्रति दुःख व्यक्त गरी चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ ।


## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबाऔं ।
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं ।
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोर-दोहोर हुने गरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं ।
  गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गइ ज्यान जान सक्दछ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

झाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो । आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

## भावपूर्ण श्रद्धाञ्जलि/समवेदना

जन्म
वि.स. १९९३ फागुन ९ गते
ताप्लेजुङ



स्वर्गारोहण
२०७८ माघ ५ गते बुधवार
खुदुनावारी, झापा

स्व. तुलसादेवी भेटुवाल

हाम्रो यस पाथीभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.का अध्यक्ष मनरथ भेटुवालकी ममतामयी माता **तुलसादेवी भेटुवाल**को यही मिति २०७८ माघ ५ गते ८५ बर्षको उमेरमा भएको असामयिक निधनले कम्पनी परिवार अत्यन्त भावविव्हल र स्तब्ध भएका छौं । माताको आत्माले बैकुण्ठवास पाओस् भन्ने कामनाका साथ हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

साथै दुःखको क्षणमा रहनुहुने हाम्रा अध्यक्ष मनरथ भेटुवालसहित सम्पूर्ण छोराबुहारी, छोरीज्वाई, नातिनातिना, पनातिपनातिना लगायत सम्पूर्ण परिवारजनलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कपिल बिमली**: प्रबन्ध निर्देशक
एवम् **पाथभिरा स्टिल इण्डष्ट्रिज प्रा.लि. परिवार**, बिर्तामोड-२, चारपाने, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## स्थानीय तहलाई भ्याकुम नबनाऊ

**पाँच दलीय सत्ता गठबन्धनभित्रै स्थानीय तहको निर्वाचन कहिले गर्ने भन्ने सम्बन्धमा मतैक्यता हुन सकेको छैन । सत्ता पक्षका केही दलहरू पहिला संघ र प्रदेशको चुनाव गर्ने पक्षमा छन् । उनीहरू मंसीर वा सोभन्दा अघि मात्र स्थानीय तहको निर्वाचन गर्ने वा एकैपटक तीनै तहको निर्वाचन गर्ने विचारमा छन् । प्रमुख प्रतिपक्षी एमाले संविधानको भावना अनुसार कानून अनुसार २०७९ को बैशाखभित्रमा स्थानीय तहको निर्वाचन गर्नुपर्ने अडानमा छ । एमालेले यसका लागि शीघ्रातिशीघ्र स्थानीय तहको निर्वाचनको मिति तोक्नुपर्ने माग गरिरहेको छ । निर्वाचन आयोगले बैशाखमा चुनाव गर्ने गरी मिति तोक्न सरकारसँग पटक-पटक अनुरोध गरेको छ ।**

**दलहरूबीचमा साझा मत हुनुपर्नेमा असहमति बाहिर आउनु दुःखको कुरा हो । संविधान र निर्वाचन कानुनका आ-आफ्नै व्याख्या गरिन थालिएको र यसबाट अन्यौल, रिक्तता, आशंका, वैमनश्यता र अविश्वास बढ्दै गएको छ । संविधानको धारा २२५ र स्थानीय तह निर्वाचन ऐन-२०७३ को व्यवस्थालाई दलहरूले फरक-फरक व्याख्या गर्नु भनेको मुलुकलाई फेरि संवैधानिक र कानूनी उल्झनमा फँसाएर लोकतन्त्रको गरिमा घटाउनु हो । आउँदो कात्तिक वा मंसीरमा स्थानीय तहको निर्वाचन गर्नुपर्ने तर्क सत्तारूढ घटकका नेकपा माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा र नेकपा एकीकृत समाजवादीले गरेका छन् भने नेकपा एमालेले बैशाखमा स्थानीय तहको चुनाव गर्नु कानुनसम्मत हुने तर्क गरेको छ । नेपाली कांग्रेस र जनता समाजवादी पार्टी अहिलेसम्म पनि यो विषयमा आफ्नो दलभित्र एकरूपता ल्याउन सकिरहेका छैनन् । स्थानीय चुनावमा सत्तासीन पार्टीहरूले गठबन्धन गर्न सम्भव नहुन सक्छ । बिना गठबन्धन नेपाली कांग्रेसलाई त फरक पर्दैन, तर पालिकाहरूमा जित्न मुख्यतः एकीकृत समाजवादीलाई कठिन हुने देखिन्छ । माओवादी केन्द्रलाई पनि स्थानीय तहको चुनाव सजिलो नहुने देखिन्छ यद्यपि पछिल्लोपटकको चुनाव एक्लै लडेर पनि उसले स्थानीय तहमा सम्मानजनक उपस्थिति देखाएको थियो । एकीकृत समाजवादी र माओवादी केन्द्रको उपस्थिति धेरै नै कमजोर देखियो भने त्यसले संघीय चुनावमा गठबन्धनमाथि मनोवैज्ञानिक दबाव पर्ने कारणबाट स्थानीय तहको निर्वाचनलाई पर धकेल्ने प्रपञ्च रचिँदैछ ।**

**निर्वाचन ऐन अनुसार स्थानीय तहका पदाधिकारीको पदावधि जेठ ५ गते सकिँदैछ । स्थानीय तहमा पद रिक्त बनाएर अहिले एमालेले धेरै स्थान जितेकाले त्यस्तो रिक्तताले आफूलाई नै फाइदा गर्छ भन्ने पनि गठबन्धनको सोच हुनसक्छ । यो संकीर्ण सोच हो । दलगत स्वार्थका लागि राष्ट्रिय स्वार्थलाई तीलाञ्जली दिनु निश्चय नै राम्रो होइन । कुनै पनि बहानामा स्थानीय तह राजनीतिक नेतृत्वविहीन बनाउने काम लोकतान्त्रिक हुन सक्दैन । स्थानीय सरकार जनताको सबभन्दा नजिकको सरकार हो । अन्यथा निर्णय गरेर इतिहासको पुनरावृत्ति गर्दै फेरि राजनीतिक अन्यौल र अविश्वास निम्त्याउने काम गर्नु हुँदैन । आफूलाई लोकतन्त्रको पर्याय मान्ने नेपाली कांग्रेसले कानुन र संविधानको बर्खिलाफ हुने गरी अघि बढ्नु उसकै लागि दुर्भाग्य हुनेछ । आशा गरौं नेकाले त्यस्तो गर्ने छैन । कुनै पनि बहानामा स्थानीय तहलाई भ्याकुम अर्थात् रिक्ततामा जान दिनु हुँदैन ।**

# दुबईमा नेपालीहरुको आत्महत्या, सरकार बेखबर

**‘भिजिटमा आउँदा जुन सपना देखेर आउनु भएको हुन्छ, यहाँ आएपछि त्यो पुरा नहुँदा निराशा उत्पन्न भई आत्महत्या गरेको हुनसक्छ ।’**



**मेघराज सापकोटा**

भिजिट भिसामा दुबई आएका भोजपुरका सागर राइले मार्चको २३ तारिखमा आत्महत्या गरे । दलाललाई ३ लाख दिराम तिरेर राम्रो कामको आशामा दुबई आएका राईले पनि दलालले भने जस्तो काम नपाएपछि आत्महत्या रोजेका थिए । उनले दुबइको मरिना जुमेराबाट समुन्द्रमा हाम फालेर आत्महत्या गरेका थिए । भिजिट भिसामा आएको हुँदा उनले नेपाल सरकारबाट पाउने कुनै पनि क्षतिपूर्ति पाएनन् ।

धादिङकी रेणु थापाले सन् २०२० डिसेम्बर २६ तारिखका दिन दुबईमा आत्महत्या गरिन् । दलालको अध्यागमन सेटिङमार्फत भिजिट भिसामा दुबइ पुगेकी थापाले के कारणले आत्महत्या गरिन् अहिलेसम्म खुलेको छैन । भिजिट भिसामा दुबई आउनको लागि उनले एजेन्टलाई १ लाख ३० हजार रुपैयाँ तिरेकी थिइन् । परिवारको सहमतिमा उनको शप दुबईमै जलाइयो । २ छोरीकी आमा थापाको बिदेशमा मृत्यु हुँदा पनि उनको परिवारले कुनै क्षतिपूर्ति पाइनन् ।

त्यसैगरी स्याङ्जाका राजकुमार श्रेष्ठ र नवलपरासीका बिबेक थापाले पनि दुबईमा आएर आत्महत्या गरे । उनीहरु दुबैजना अध्यागमन सेटिङमार्फत भिजिट भिसामा दुबइ आएका थिए ।

नेपाली दूताबास अबुधाबीका अनुसार सन् २०२१ मा भिजिट भिसामा यूएई आएर मृत्यु भएका नेपालीहरुको संख्या १२ जना रहेको छ । रुकुमका मिलन घर्ती मगर, उदयपूरका स्वस्ती विश्वकर्मा, सुनसरीका भोजराज सञ्जेल, काठमाडौँकी पूर्ण शोभा मानन्धर, नुवाकोटका अम्बरबहादुर गुरुङ, दाङका बिबस केसी र सर्लाहीका बुद्धसिंह वाइबाको बिभिन्न कारणले यूएईमा मृत्यु भएको हो । उनीहरु सबैजना उसैगरी मानब तस्करको अध्यागमन सेटिङमार्फत दुबई पुगेका थिए ।

भिजिट भिसामा आएर मृत्यु हुनेहरुमध्ये ५ जनाको मृत्यु कोभिड-१९को कारण भएको थियो । उनीहरुको शवलाई यूएईमै व्यवस्थापन गरिएको छ । ३ जनाको मृत्यु भने हृदयघातबाट भएको दूताबासले जनाएको छ ।

काभ्रेपलान्चोक चौरी देउरालीका लक्ष्ुराम तामाङको शव ३ महिनासम्म अलपत्र पऱ्यो । भिजिट भिसामा असोज २२ गते दुबई पुगेका उनी दुबई पुगे लगत्तै बेपत्ता भएका थिए । दुबईको स्थानीय प्रहरीले तामाङको बारेमा दूताबासलाई केही दिन अघि जानकारी गराएको थियो । प्रहरीले नाम र पासपोर्ट नम्बर मात्र उपलब्ध गराएकोले मृतकको परिवार खोज्न दूताबासलाई निकै कठिन भयो । दलाललाई ३ लाख रुपैयाँ तिरेर उनी दुवई उडेका थिए । परिवार श्रोतका अनुसार दुबई उड्न लागेको त्यो सबै खर्च



ऋण गरेर जुटाइएको थियो । तामाङको शवलाई नेपाल पठाउन उनको परिवारले झण्डै अढाइ लाख रुपैयाँ खर्च गर्नु पऱ्यो । परिवारले ऋण गरेर त्यो श्रोत जुटाए । तर, बिदेशमा भएको मृत्यु बापत पाउने क्षतिपुर्ति तामाङको परिवारले पाएन ।

त्यसैगरी नेपालको ठेगाना नखुलेको पासपोर्ट नम्बर ११९७१०८८ गरेका बिकास भुजेलको शब बिगत केही महिनादेखि दुबईमा अलपत्र परेको भन्दै स्थानीय प्रहरीले नेपाली दूताबासलाई जानकारी गरायो । बिकास पनि भिजिट भिसामै दुबई आइपुगेका थिए । उनको मृत्यु के कारणले भयो ? अहिलेसम्म खुलेको छैन । जुनसुकै कारणले मृत्यु भए पनि भुजेलको परिवारले पनि नेपाल सरकारबाट कुनै क्षतिपूर्ति पाउने आधार छैन ।

भुजेलको परिवारले त उनको शव नेपाल झिकाउन सार्वजनिक रुपमै हार गुहार गरेको थियो । बिभिन्न सामाजिक अभियन्ताहरुको सहयोगमा उनको शव नेपाल लगियो ।

नेपाली दूताबास अबुधाबीका अनुसार सन् २०२१ मा यूएईमा १३८ जना नेपालीहरुको मृत्यु भएको छ । जसमध्ये २८ जनाको मृत्यु आत्महत्याको कारण भएको थियो । ६५ जनाको मृत्यु प्राकृतिक कारण भनिएको छ भने २५ जनाको मृत्यु दुर्घटनाको कारण भएको दूताबासले जनाएको छ । एक जनाको हत्या भएको थियो भने १८ जना नेपालीहरुको मृत्यु कोभिड-१९को कारण भएको थियो । बाँकी एक जनाको मृत्युको कारण खुलाइएको छैन र उनलाई परिवारको अनुरोधमा साउदी अरबमा लगि दाहसँस्कार गरिएको थियो ।

सन् २०१८ मा यूएईमा आत्महत्या गर्नेको संख्या ३३ जना रहेको थियो । त्यसैगरी २०१९ मा आत्माहत्या गर्नेको संख्या १७ र सन् २०२० मा ४४ जनाले आत्महत्या गरेको तथ्यांक रहेको छ । सन् २०२१मा २८ जनाले आत्महत्या गरे । यूएई दूताबासका अनुसार सन् २०२२को दोश्रो हप्तासम्म १२ जना नेपालीहरुको मृत्यु भइसकेको छ । गत बर्ष कोभिड-१९को कारण मानसिक तनावले गर्दा धेरै नेपालीहरुले आत्माहत्या गरेको बताइन्छ ।


बर्षेनी यतिधेरै नेपालीहरुले एउटै मुलुकमा गएर आत्महत्या गर्दा पनि सरकारले यसबारे चासो देखाएको छैन । नेपाली दूतावास अबुधाबीका राजदूत कृष्णप्रसाद ढकालले नेपालीहरुले दुबईमा आएर आत्महत्या गर्नुको पछाडि दलालले आश्वासन दिएको जस्तो काम नपाउनु हुनसक्ने बताए । ‘ठूलो धनराशि खर्चेर भिजिटमा आउँदा जुन सपना देखेर आउनु भएको हुन्छ, यहाँ आएपछि त्यो पुरा नहुँदा निराशा उत्पन्न भई आत्महत्या गरेको हुनसक्छ’- ढकालले भने- यद्यपि यस बारे ठोस् अनुसन्धान र अध्ययन हुन जरुरी छ । बैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत संस्था प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष कुलप्रसाद कार्कीले भिजिट भिसामा बिदेश गएर आत्महत्या गर्नु दुःखद् बताए । मानव तस्करहरुको प्रलोभनमा ठूलो रकम तिरेर बिदेश जाने र दलालले देखाएको दुस्वप्ना पुरा नहुँदा निराशा उत्पन्न भई आत्महत्या गरेको हुनसक्ने उनले बताए ।

पाछिल्लो तथ्यांकले गत एक बर्षमा ८० हजारको हाराहारीमा नेपालीहरु भिजिट भिसामा काम खोज्न दुवई पुगेका छन् । भिजिटमा गएका नेपालीहरुको तथ्याँक नेपाल सरकारसँग नहुने र उनीहरु श्रम नगरिकनै बिदेश गएको हुनाले बिदेशमा बिरामी भएमा, दुर्घटना भई अङ्गभङ्ग भएमा वा कुनै कारणले मृत्यु भएमा कुनै पनि किसिमको सहयोग नपाइने दुतावासकी श्रम काउन्सिलर निर्मला थापाले बताइन् ।

तसर्थ भिजिट भिसामा जानेहरुको बिमा अनिबार्य गरिनुपर्छ । बिदेशमा केही कारण दुर्घटना भएर घाइते भए वा मृत्यु भएमा बिमाले खर्च धान्ने व्यवस्था गर्न जरुरी देखिन्छ । नेपाल सरकारले अबैध रुपमा भिजिट भिसाको कारोबार गर्ने मानब तस्करहरुलाई कानूनी कारबाहीको दायारामा लयाउन हालसम्म कुनै पहल गरेको छैन । यसले दिनहुँ मानव तस्करी बढ्दो छ । भिजिट भिसाका दलालहरु खुलेआम गाउँ-गाउँ पुगेर भिजिटको विज्ञापन गरिरहेका छन् ।

यसैबीच नेपाल सरकारले कोभिडको कारण देखाउँदै माघ १० देखि खाडी राष्ट्र र मलेशियामा भिजिट भिसामा जान रोक लगाएको छ । यसले बिदेशमा बस्ने नेपालीहरुको आमाबुवा आफन्त नातागोतादेखि व्यापार व्यवसाय गर्ने व्यापारीहरुलाई जतिसुकै आवश्यक काम परेको खण्डमा पनि ती देश जान बन्देज गरेको छ । यी मुलुकहरुमा भिजिटमा जाने अधिकांश नेपाल सरकारकै अध्यागमन पार गरेर त्रिभुवन बिमानास्थलबाट नै जाने गरेका छन् । काम खोज्न जाने नेपाली र घुम्न जाने नेपालीहरुको आर्थिक हैसियत प्रष्टै छुटिन्छन् । तर, पनि अध्यागमनका कर्मचारीले सेटिङ गरेर जानेलाई छोड्ने र सेटिङ नगरि जानेलाई फर्काउने गरेका छन् । आफू मातहतका निकायले गरेको गलत कार्यको रोकथाम र निर्मुलीकरण गर्नु भन्दा पनि सरकारले यी देशहरुमा घुम्न जानै बन्द गरेर आफ्नो लाचारी प्रदर्शन गरेको छ ।

# राष्ट्रिय सभामा बस्नेतको उम्मेदवारी किन ?



समाजमा शान्ति, स्थिरता, विकास र विधिको शासन पालना गर्नु पर्छ भन्ने मान्यतामा दृढ रहने नाम हो - गोपाल कुमार बस्नेत । २००२ साल असोज ९ गते इलामको साँखेजुङमा बुबा टुङ्गबहादुर र आमा पूर्णकुमारी वस्नेतको जेठो पुत्ररत्नका रुपमा जन्मिएका बस्नेत हाल बिर्तामोड नगरपालिका-१मा स्थायी बसोवास गर्दै आएका छन् ।

शिक्षा सेवीका रुपमा छुट्टै परिचय बनाएका ७६ वर्षीय बस्नेतको भूमिका राजनीतिमा पनि कम छैन । नेपाली कांग्रेसको मूलधारको राजनीतिमा सक्रिय रहँदै प्रजानन्त्र प्राप्तिको आन्दोलनमा समेत अहम् भूमिका निर्वाह गरेका बस्नेत २०४८ सालको नेपाली कांग्रेसको ८औं महाधिवेशनबाट जिल्ला सचिवमा निर्वाचित भए ।

आठौं महाधिवेशनबाट कृष्णप्रसाद सिटौला पार्टीको सभापतिमा निर्वाचित भएका थिए । त्यसबेला झापामा कम्युनिष्टहरुको दवदब कायम थियो । ‘बामकिल्ला’ का रुपमा चिनिएको झापामा संगठन बिस्तार यसै पनि असहज थियो । तर, नेपाली कांग्रेसको चारतारे झण्डा बोकेर गाउँ-गाउँसम्म संगठन बिस्तारमा होमिएका बस्नेतले सिटौलासँग मिलेर झापामा काँग्रेसको संगठनलाई चलयमान बनाउँदै कम्युनिष्टद्वारा घोषित ‘वामकिल्ला’ भत्काउन सफल भए ।

२०५१ सालमा तत्कालीन झापा निर्वाचन क्षेत्र नं. ३ ( हाल झापा क्षेत्र नम्वर १) मा प्रतिनिधि सभा सदस्यका लागि कांग्रेसका तर्फबाट उम्मेदवार बनेका बस्नेत हाल राष्ट्रियसभा सदस्यको समेत उम्मेदवार बनेका छन् ।

राजनीति शास्त्रमा स्नातकोत्तर गरेका बस्नेत २०२७ सालमा सिके प्रसाई (भरत बाबु) को संगतले नेपाली काँग्रेसमा सक्रिय भएका थिए । ‘प्रतिबन्धित समय २०२७/०२८ सालमा नेपाली कांग्रेसको अभियानलाई गाउँ-गाउँसम्म पुऱ्याउन भरत बाबुका चिठ्ठीपत्र ओसारपसारमा सहयोगी भूमिका निर्वाह गरेका बस्नेत २०४१ सालमा नेपाली कांग्रेसको संगठन गर्दागर्दै नजबन्दमा परे । उनलाई चन्द्रगढीमा नजरवन्द गरिएको थियो । नेपाली कांग्रेसका अग्रज नेताहरु डिल्ली सिटौला, डा. शंकर उप्रेती, रत्नकुमार कार्की, गणेश बिमलीसहित बस्नेतलाई तत्कालीन पञ्चायती व्यवस्थाले नजबन्दमा राखेको थियो ।

पञ्चहरुको दवदवा कायम रहँदा समेत विशाल जनप्रदर्शन गर्न सक्ने हठी स्वभावका बस्नेतकै अगुवाइमा बिर्तामोडमा जनप्रर्दशन भयो । २०४६ सालमा पञ्चहरुको विरुद्धमा भएको जनप्रदर्शनमा थोरै मात्र मानिस सहभागी हुने गर्दथे बस्नेतले विगतलाई स्मरण गर्दै भने- ‘२०४६ फागुन ७ गते बिर्तामोडमा विशाल जनप्रर्दशन गर्न सफल भएको सम्झदा निक्कै आनन्द महशुस हुन्छ । त्यो बेला हजारौं हजार मानिस सडकमा आएका थिए । जसको अगुवाइ मैले गरेको थिए ।’

पञ्चहरुकै दवदवका कारण करिव दुई महिनासम्म निर्वासित जीवन बिताएका बस्नेतले प्रजातान्त्रिक आन्दोलमा सधै अहम् भूमिका निर्वाह गरे । भारतको शिलगढीमा दुई महिनासम्म निर्वासित जीवत व्यत्तित गर्दा समेत जनआन्दोलन नामक पत्रिका छापेर नेपाल पठाउने काम गर्दै निरङ्कुश पञ्चायति व्यवस्था ढाल्न बस्नेतले खेलेको भूमिका आजपनि उत्तिकै स्मरणीय रहेको कांग्रेसका पुराना नेता पूर्णानन्द शर्मा बताउँछन् ।

प्रजातान्त्रिक आन्दोलनको अगुवाई गरेको पार्टी नेपाली काँग्रेसमा उर्जाशील समय खर्च गर्दै निष्ठावान कार्यकर्ताको रुपमा छुट्टै छवि बनाएका बस्नेत प्रजातान्त्रिक आन्दोलनको सम्मानका खातिर समेत आफू राष्ट्रिय सभाको उम्मेद्वार बनेको बताउँछन् ।

पार्टीले मलाई प्रदान गरेको जिम्मेवारी मेरो मात्र नभई प्रजातान्त्रिक आन्दोलनमा होमिने सबैको हो नेता बस्नेतले भने- प्रजातान्त्रिक आन्दोलनको सम्मानका लागि कांग्रेसलाई जिताउन आवश्यक छ ।

तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवाले २०७४ सालमा राष्ट्रियसभा सदस्यका रुपमा बस्नेतको नाम सिफारिस गरेको भए पनि राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त सिफारिस प्रमाणिकरण नगर्दा बस्नेत यसअघि राष्ट्रिय सभाको उम्मेदवार हुनबाट बञ्चित भएका थिए ।

तर, यही माघ १२ गते राष्ट्रिय सभा सदस्य पदका लागि हुने निर्वाचनमा सत्तारुढ दल नेपाली कांग्रेससहित पाँच दलीय गठबन्धनका तर्फबाट प्रदेश १मा खुल्ला तर्फको उम्मेदवारका रुपमा बस्नेतको नाम सिफारिस भएसँगै राष्ट्रिय सभा सदस्य बन्न बस्नेतलाई बाटो खुलेको हो । बस्नेत सहित पाँच दलीय गठबन्धनका तर्फबाट राष्ट्रिय सभामा हेमराज राई र जयन्त्री राई उम्मेदवार बनेका छन् ।

राजनीति शक्ति केन्द्रमा रहेर पनि सामान्य नागरिक सरह जीवन निर्वाह गर्ने बस्नेत प्रधानमन्त्री शेरवहादुर देउवाका विश्वासपात्रका रुपमा चिनिन्छन् । राजनीतिमा पटक - पटक अवसर पाए पनि सामाजिक सेवा गर्न बढी रुचाउने बस्नेत यसपटक भने प्रजातान्त्रिक आन्दोलनका खातिर भन्दै राष्ट्रिय सभाको निर्वाचनमा होमिएका हुन् ।

राजनीति अलावा बिभिन्न सामाजिक काममा उल्लेखनीय भूमिका निर्वाह गर्ने बस्नेत प्रजातन्त्र सेनानी आदिवासी नेता स्व. तुर्सा हेमरमको प्रजातान्त्रिक आन्दोलनमा भएको योगदानको कदर गर्न र त्यसलाई चिरस्मरणीय बनाउन स्थापित तुर्सा हेमरम प्रतिष्ठानको स्थापना र व्यवस्थापनमा संस्थापक अध्यक्ष भई आजसम्म नेतृत्व सम्हालिरहेका छन् । वस्नेतकै अगुवाइमा कनकाई नगरपालिका नजिकै स्व. नेता हेमरमको स्मृतिमा प्रतिष्ठान स्थापना गरिएको छ ।

यो अलावा बस्नेत नेपाली लेखक संघ झापाको अध्यक्ष, जय नेपाल प्रतिष्ठानका अध्यक्ष समेत हुन् । झापाको स्थापित साहित्यकारका रुपमा परिचित उनी भेटघाट चौतारीको समेत अध्यक्ष हुन् ।

बिर्तामोडस्थित मुक्ति चौकमा निर्मित जनआन्दोलन स्मारकको संयोजक समेत रहेका बस्नेत वीरता जेसीजको संस्थापक अध्यक्ष हुन् भने बाल्मीकि एजुकेशन फाउण्डेशनका संस्थापक अध्यक्ष तथा बिर्तामोडस्थित पूर्णटुङ्ग बिर्तासिटी अस्पतालका संस्थापक पनि रहेका छन् ।

शिक्षित समाज निर्माण गर्न सकिए मात्र मुलुकको मुहार फेर्न सकिने भन्दै बस्नेतले आफै विद्यालय सञ्चालन गर्दै आर्थिक अभावले बिद्यालय गएर पढ्न नसक्ने अवस्थाका परिवारका वालवालिकाहरुलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाएर शिक्षित समाज निर्माणमा उत्तिकै भूमिका निर्वाह गरिरहेका छन् । अहिले बस्नेतकै अगुवाइमा बिर्तामोडमा रहेको वाल्मीकि एजुकेशन फाउण्डेशन, ग्रिण्डफिल्ड लगायत विभिन्न नीजि विद्यालयमा सयौंको संख्यामा विद्यार्थीले निःशुल्क शिक्षा लिइरहेका छन् ।

दुर्घटना रहित समाजको परिकल्पना गर्ने बस्नेतकै अगुवाइमा विगत केही वर्षदेखि झापामा असोज १ गते सडक दुर्घटना न्यूनीकरण अभियान सञ्चालन हुने गरेको छ । वीरता जेसीजको संयोजनमा हुने अभियानमा झापामा ५० वढी संघ संस्थाले सहभागीता जनाउँदै आएका छन् । जसको संयोजक बस्नेत नै हुन् ।

राष्ट्रियसभाको निर्वाचनका लागि पाँच दलीय गठबन्धनले अहिले आफ्नो शसक्त उम्मेदवारको रुपमा बस्नेतसहित हेमराज र जयन्ती राईलाई अघि सारेका छन् । सत्तारुढ दलका तर्फबाट बस्नेतसहितका उम्मेदवारलाई जिताउन प्रदेश १मा अहिले विभिन्न अभियान सञ्चालन गरिएको छ ।

**– प्रस्तुतिः सुरेन्द्र भण्डारी**

# पाँच बिद्यार्थी संगठनको विरोध



**पथरीशनिश्चरे, माघ ८।** मोरङको पथरीशनिश्चरे नगरस्थित पथरीमा पथरी बहुमुखी क्याम्पसको जग्गालाई चिरा पारी २ गाउलाई जोड्ने बाटो निर्माण गर्ने योजना ल्याएपछि स्थानीय निकायको विरोध भएको छ।

पथरी बहुमुखी क्याम्पस हाताभित्रको जग्गालाई चिरापारी बाटो निर्माण गर्नका लागि वडा नम्वर १ले बजेट विनियोजन गरेपछि क्याम्पसका ५ विद्यार्थी संगठनले उक्त कार्यको विरोध जनाएका हुन्।

स्थानीय सरकारका प्रमुख दिलिप कुमार राईसमक्ष सयुंक्त प्रेस विज्ञप्ती बुझाउँदै विभिन्न ५ बिद्यार्थी संगठनका प्रतिनिधिहरुले बिरोध गरेका छन् ।

१ नं वडा कार्यालयले स्थानीय जोरधारा चौक र सम्झना बस्ती जोड्ने सडक निर्माणका लागि बजेट बिनियोजन गरी निर्माणको प्रक्रिया समेत अगाडि बडाउन लागे पछि ती बिद्यार्थी संगठनले बिरोध जनाएका थिए।

बहुमुखी क्याम्पसका नेपाल विद्यार्थी संघ, अखिल क्रान्तिकारी, अनेरास्ववियु (समाजवादी), लिम्बू बिद्यार्थी मञ्च, र किराँत राई बिद्यार्थी संघले संयुक्त विज्ञप्ती मार्फत र अखिल नेपाल राष्ट्रिय बिद्यार्थी युनियनले छुटै विज्ञप्तिमार्फत क्याम्पसको संरक्षणका लागि स्थानिय सरकारको ध्यानाकर्षण गराएका छन्।

वडाले बाटो निर्माणका लागि बजेट विनियोजन गरेपछि उत्पन्न् विवादको निकासका लागि २०७८ माघ ५ गते पथरीशनिश्चरे नगरपालिकाका प्रमुख दिलिपकुमार राईको समन्वयमा बैठक बसेको थियो।

उक्त बैठकमा सरोकारवाला पक्षहरुबीच सहमति जुट्न सकेको थिएन। क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रशासन, विद्यार्थी संगठन र उपभोक्ता समितिकाबीचमा सहमति निकाल्न बसेको बैठकमा उपभोक्ताहरु आक्रामक शैलीमा हुलहुज्जत बाँधिएर क्याम्पस सञ्चालक समितिका र प्रतिनिधिमाथि दवाव सिर्जना गरेको विज्ञप्तिमा उल्लेख छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष र प्रतिनिधिमाथि दवाव सिर्जना गर्दै जबर जस्ती बाटो बनाउँछौ भन्ने भनाइप्रति विद्यार्थी संगठनहरुले खेद प्रकट गरेका छन्।

सार्वजनिक सम्पत्ति क्याम्पसको जग्गा जोगाएर पश्चिमतर्फबाट बाटो खोल्न सम्बन्धित उपभोक्तालाई अनुरोध गर्दै नगरपालिकालाई सोही अनुसार गराउन विद्यार्थी संगठनहरुले माग गरेका छन् ।

उपभोक्ताले सहमति नखोजी आक्रामक तरिकाले बाटो बनाउन लागे विद्यार्थी संगठन क्याम्पसको जग्गा संरक्षणका लागि प्रतिरक्षामा उत्र्न बाध्य हुने चेतावनी पनि दिएका छन्।

# आयुर्वेद औषधिलाई जनस्तरसम्म पुऱ्याउने अभियान शुरु




**झापा, माघ ८।** आयुर्वेद औषधिको प्रयोगका कारण कोभिड-१९ संक्रमितको उपचारमा सहज भएसँगै झापाको बाह्रदशी गाउँपालिकामा आयुर्वेद औषधिलाई जनस्तरसम्म पुऱ्याउने अभियान शुरु गरिएको छ।

यस अघि कोभिड-१९को संक्रमण देखिएका संक्रमितलाई आयुर्वेद औषधिको सेवनले भरपूर फाइदा पुगेको भन्दै झापामा पनि नयाँ भेरियन्टका बिरामी देखापरेसँगै सहज रुपमा आयुर्वेद औषधि जनस्तरसम्म पुऱ्याउन अभियान शुरु गरिएको हो।

बाह्रदशी गाउँपालिका आयुर्वेद स्वास्थ्य शाखाले गाउँपालिकाभित्र रहेको महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई आयुर्वेद औषधि सेवनका कारण मानव स्वास्थ्यमा पुग्ने फाइदाका विषयमा प्रशिक्षण दिँदै जनस्तरसम्म यसको प्रयोग र फाइदाका विषयमा जानकारी गराएको छ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका डा. अनिल यादव, बाह्रदशी गाउँपालिका आयुर्वेद स्वास्थ्य शाखा प्रमुख जटाशंकर झा, अर्जुनधारा आयुर्वेद स्वास्थ्य शाखा प्रमुख अनिलकुमार ठाकुर लगायतले महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रशिक्षण दिँदै आयुर्वेद औषधिको सेवनले मानव स्वास्थ्यमा पुग्ने फाइदा र कोभिड-१९को संक्रमणबाट बच्न अपनाउनुपर्ने सावधानीका विषयमा समेत जानकारी गराएका थिए।

आयुर्वेद शाखा सञ्चालन समिति अध्यक्ष तथा वाह्रदशी-५का वडाध्यक्ष भूपेन्द्र कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशीले आयुर्वेद औषधिको प्रयोगका कारण कोभिडका विरामीलाई स्वास्थ्य उपचारमा सहज भएको बताएकी थिइन्। बाह्रदशी गाउँपालिकाभित्र रहेका कोभिडका बिरामीलाई भेटघाटको समयमा अधिकांशले कोभिड संक्रमित भएको अवस्थामा आयुर्वेद औषधि सेवन गरेको र चाँडै जाति हुन मद्दत पुगेको बताएसँगै गाउँपालिकाले अहिले आयुर्वेद औषधिको सेवनलाई प्रभावकारी बनाउन अभियान नै शुरु गरेको उपाध्यक्ष राजवंशीले बताइन्। उनले भनिन् - गतवर्ष कोभिडका विरामी घर-घरमा पहिलोपटक भेट्न जाँदा आयुर्वेद औषधि बोकेर गएका थियौं केही समयपछि उहाँहरुले पूर्ण स्वास्थ्य लाभ गरेको हामीलाई बताउनुभयो। जसका कारण आयुर्वेद औषधि कोभिडका लागि बाह्रदशीमा प्रभावकारी शिद्ध भएको छ।

कार्यक्रममा बाह्रदशी गाउँपालिका वडा नम्वर १का वडाअध्यक्ष शम्भुसिंह राजवंशी, वडा नम्वर ५का वडा सदस्य जीवन खरेल, नेपाल रेडक्रस सोसाइटी प्रदेश १का कोषाध्यक्ष ओमप्रकाश गौतम लगायतले आफूहरुले समेत आयुर्वेद औषधिको नियमित सेवन गर्ने गरेको बताउँदै यसले आफूहरुको स्वास्थ्यमा निक्कै फाइदा पुऱ्याएको जनाएका थिए।

# पाँचथरका सबै स्थानीय तहलाई अक्सिजन कन्सन्ट्रेटर

**युद्धबहादुर बोहोरा**

**पाँचथर, माघ ८।** राष्ट्रिय प्रजातन्त्र पार्टी पाँचथरले जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य संस्थालाई अक्सिजन कन्सनट्रेटर उपलब्ध गराएको छ।

कोरोना महामारीको बेला दुर्गम क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवामा थप राहत पुऱ्याउने उद्देश्यले राप्रपाको महाधिवेशन हुनुभन्दा पहिले पार्टीले 'द हङकङ एक्स सर्भिसमेन एशोसिएशन' संग अक्सिजन कन्सनट्रेटर सहयोगको लागि पहल गरेको पार्टीका केन्द्रीय सदस्य तेजकुमार कुरुम्बाङले जानकारी दिए।

गैरसरकारी संस्था (एनआरएन) कार्यालय, काठमाडौमार्फत उपलब्ध १५ वटा कन्सन्ट्रेटर मेसिन पाँचथर जिल्लाको सात गाउँपालिकालाई एक/एक थान र फिदिम नगरपालिकालाई चार थान साथै ताप्लेजुङ जिल्ला अस्पताल र तेह्रथुम जिल्ला अस्पताललाई दुई/दुई थान गरि जम्मा १५ थान मेसिन हस्तान्तरण गरिएको नेता कुरुम्बाङले बताए।

एक लाख ५० हजार रुपैयाँभन्दा बढी रकमको अक्सिजन उत्पादन गर्ने उक्त मेसिन माघ ३ गते जिल्ला अस्पताल पाँचथरदेखि वितरण शुरुगरि माघ ७ गते सबै क्षेत्रमा हस्तान्तरण गरिसकेको जनाइएको छ।

मेसिनसँगै प्रत्येक पालिकामा छ सय थान र जिल्ला अस्पताल पाँचथरलाई एक हजार दुई सय थान थ्री लेयरको मास्क पनि नेता कुरुबाङको व्यक्तिगत लगानीमा प्रदान गरेका छन्। एनआरएन कार्यालय, काठमाडौबाट सामग्री जिम्मा लिँदै पाँचथरका स्थानीय तहसम्मको ढुवानी समेत उनैले गरेका छन्।

स्थानीयतहमा सामाग्री पुऱ्याउन राप्रपा पाँचथरका जिल्ला अध्यक्ष जगत थापा मगर, पूर्वप्रदेश सदस्य हरिप्रसाद सुवेदी, पूर्वजिल्ला अध्यक्ष घनेन्द्रबहादुर लिम्बू, पूर्व जिल्ला प्रवक्ता प्रयागराज सुवेदी, राप्रपा फालेलुङ गाउँपालिका अध्यक्ष दिव्यविक्रम जवेगु लगायतका जिल्ला नेताहरुको सहभागितामा वितरण गरिएको हो।

महामारीको समयमा स्थानीय सरकारमार्फत जिल्लाका नागरिकलाई स्वास्थ्य सेवामा सहयोग पुऱ्याउने हेतुले गरिएको सहयोगको प्रशंसा गर्दै विभिन्न पालिकाहरुले सामजिक कार्यमा जुटेका पार्टी नेता तथा समाजसेवीलाई कदरपत्रसहित सम्मान समेत गरेको नेता कुरुबाङले जानकारी गराए।


**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा**
- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**पुराण स्थगित भएको सूचना**
श्री शाङछ्यो गुम्बा बाह्रदशी-५ चकचकी धेदुङ चौकको आयोजनामा मिति २०७८ साल माघ १५ गतेदेखि १७ गतेसम्म कुमपाठ पुराण सम्पन्न गर्ने निश्चय भएको हाल विश्वमहामारी कोभिड-१९को ओमिक्रोन भेरियन्ट दिनानुदिन अप्रत्यासित रुपमा फैलिरहेकोले बाध्यात्मक परिस्थितिले पुराण स्थगित गर्नुपर्ने भएकोले अर्को सूचना नआएसम्मको लागि पुराण स्थगित भएको जानकारी गर्दछौं।
श्री शाङछ्यो गुम्बा बाह्रदशी-५ चकचकी

**होटल बिक्रीमा**
बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको श्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ।
सम्पर्क : ९८०८३२७४५०

**डा. रामकुमार सिटौला**
MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।

**डाक्टर आउने बारेको सूचना**
डा. दिपायन पाण्डे
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

डा. मुक्ति आचार्य
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

**मेडिसिटी फार्मेसी**
भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५


**ठाकुर पोलिक्लिनिकमा**
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि
हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।





सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४,
९८४२६७७८५५,
९८६२६४८२८२

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**
आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

**हाडजोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही माघ ८ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८५२६७५०३३)

**उपकार ब्राण्ड**
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यलिय बितर्मोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय मिश्रित फलदायि छ, पेटसम्बन्धि समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहेनत गर्नुपर्ने योग छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई पैभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय त्यती अनुकुल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ , खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यपार व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धि समूयाले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यापार व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, पृयजनसँग भेटहुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदाहुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन शुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्चगर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथी बिजय प्राप्त हुनेछ, दाम्पत्य शुख मिल्ने छ मन हर्षित रहला।